# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम

## ***<u>सार्वजनिक गरिएको स्वत०ः प्रकाशन</u>***

*जि.स.स.बाट सम्पादित प्रमुख क्रियाकलापहरुको त्रैमासिक विवरण (२०८० माघ, फागुन, चैत्र महिना)*

2081 जेष्ठ

**जिल्ला समन्वय समितिको कार्यालय, चितवन**
**बागमती प्रदेश, नेपाल**

# स्वतः प्रकाशन (Proactive Disclosure)

नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा २७ मा रहेको सूचनाको हक, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक तोकिएका छन्। सूचनाको हकसम्बन्धी कानूनको मूल ध्येय नै नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायको पारदर्शिता, जवाफदेहिता र विश्‍वसनीयताको लागि नियमित रुपमा विवरण प्रकाशित (Proactive Disclosure) गर्ने क्रममा जिल्ला समन्वय समितिको कार्यालय, चितवनबाट आ.व. 2080।०८1 को त्रैमासिक २०८0 माघ, फागुन र चैत्र महिनाको सम्पादित कामको मुख्य मुख्य विवरण प्रस्तुत गरिएको छ

जिल्ला समन्वय समितिको कार्यालय, चितवन

**विषयसूची**

१. जि.स.स. को स्वरुप र प्रकृति
२. जि.स.स.को काम, कर्तव्य र अधिकार
३. जि.स.स.मा रहने कर्मचारी संख्या र कार्य विवरण
४. जि.स.स. बाट प्रदान गरिने सेवा
५. जि.स.स.का विषयगत शाखा र जिम्मेवार अधिकारी
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी
९. सम्पादन गरेको कामको विवरण
१०. सूचना अधिकारी र प्रमुखको नाम र पद
११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची
१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण
१३. तोकिए बमोजिमका अन्य विवरण
१५. जि.स.स.को वेबसाइट
16. जि.स.स.ले प्राप्त गरको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण
17. जि.स.स.ले सञ्चालन गरेका कार्यक्रम र सो को प्रतिवेदन
18. जि.स.स. ले वर्गीकरण तथा संरक्षण गरेका सूचनाको नामावली
19. जि.स.स. मा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय
20. जि.स.स. का सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण
21. जिल्ला समन्वय समितिको कार्यालय, चितवनको नागरिक बडापत्र
अनुसूची 1 – जि.स.स. का पदाधिकारीहरुको विवरण
अनुसूची 2 – जि.स.स. बाट सम्पादित क्रियाकलापका केही झलकहरु

जिल्ला समन्वय समितिको कार्यालय, चितवन
बागमती प्रदेश, नेपाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

आ.व.2080 ०८१ (2080 माघ, फागुन र चैत्र)

**१. जि.स.स. को स्वरुप र प्रकृति**

जिल्ला समन्वय समिति कार्यालय निर्वाचित जनप्रतिनिधिहरुले नेतृत्व गर्ने कार्यालय हो। नेपालको संविधानको धारा २२० (१) मा भएको व्यवस्था बमोजिम जिल्ला भित्रका गाँउपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न जिल्ला सभाको गठन भएको हो। जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख तथा कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा सात जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ। जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ भन्ने व्यवस्था रहेको छ जिल्ला समन्वय समिति, चितवनमा प्रमुख, उपप्रमुख र 7 जना सदस्य गरी जम्मा 9 जना पदाधिकारी रहनु भएको छ चितवन जिल्ला समन्वय समितिको वैठक प्रत्येक महिना कम्तीमा एकपटक नियमित रुपममा बस्ने गरेको छ भने आवश्यकता अनुसार अन्य बैठक समेत बस्ने गरेको छ

केन्द्र तथा प्रदेश सरकारबाट प्राप्त निर्देशन र जिल्ला समन्वय समितिले गर्ने निर्णयहरुको कार्यान्वियन तथा दैनिक प्रशासन संचालनको लागि जिल्ला समन्वय अधिकारी (रा.प.द्वि. श्रेणी) को नेतृत्वमा निजामती स्थायी तथा करार सेवातर्फका कर्मचारीहरु कार्यरत रहेका छन्। नेपालको संविधानका साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ ले जिल्ला समन्वय समितिले गर्ने कार्य निर्दिष्ट गरको छ

## २. जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार

देहाय वमोजिमका कार्यहरु यसको कार्यक्षेत्र भित्र पर्दछन्

(क) नेपालको संविधानको धारा २२० अनुसारका कार्यहरु

- जिल्ला भित्रका गाँउपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमन को कार्य गर्ने,
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाँउपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- प्रदेश कानुन बमोजिमका अन्य कार्यहरु गर्ने

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमका कार्यहरु

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख छ -

- जिल्ला भित्रका गाउँपालिका वा नगरपालिकाबीचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
- जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,
- जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,
- जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने,
- जिल्लाभित्रका गाउँपालिका र नगरपालिका

- बीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,
- जिल्लाभित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने, जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,
- जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,
- आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आथिर्क वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,
- जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

(ग) बागमती प्रदेश सरकारद्वारा प्रकाशित जि.स.स.को काम, कर्तव्य र अधिकार सम्बन्धी नियमावली, 2075 बमोजिमका कार्यहरु

## ३. जिल्ला समन्वय समितिमा रहने कर्मचारी संख्या र कार्यविवरण

क) जिल्ला समन्वय समितिमा हाल कार्यरत स्थायी निजामती कर्मचारीहरुको विवरण:

| **क्र.स.** | **कर्मचारीको नाम** | **पद / श्रेणी** |
|---|---|---|
| 1 | हरिप्रसाद शर्मा | जि.स.अ./रा.प.द्धि. |
| 2 | नवेशराज हमाल | रा.प.तृ/ शा.अ. |
| 3 | राम किशोर प्रसाद यादव | रा.प.तृ.(प्रा.)/ सिभिल ई. |
| 4 | मनमाया लामिछाने | नायव सुव्वा / रा.प.अनं. प्र. |
| 5 | अम्बिका न्यौपाने | लेखापाल / रा.प.अनं. प्र. |
| 6 | आदर्श अधिकारी | रा.प.अनं. प्र. खरिदार |

ख) जिल्ला समन्वय समितिमा हाल रिक्त रहेका पदको विवरणः

1) सव ईन्जिनियर रा.प.अन. प्रथम (ईन्जिनियर सिभिल) प्राविधिक - १ (एक)

ग) जिल्ला समन्वय समितिमा हाल करारमा कार्यरत कर्मचारीहरुको विवरणः

| **क्र.स.** | **कर्मचारीको नाम** | **पद / श्रेणी** |
|---|---|---|
| 1 | रामकान्त पौडेल | स्वकीय सचिव, ना.सु. |
| 2 | रवी शाक्य | हसचा |
| 3 | अर्जुन ब. थापा | हसचा |
| 4 | रामदिन थारु | कास |
| 5 | गोपिमाया सुनार | कास |
| 6 | अनिता पोखरेल | कास |

## ४. जिल्ला समन्वय समिति बाट प्रदान गरिने सेवाहरु

- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ साथै संघीय र प्रदेश कानुन बमोजिमका सवै सेवाहरु
- विभिन्न निकायहरुबीच समन्वय र अनुगमन सम्बन्धी कार्यहरु।
- जि.स.स. बाट सम्पादन गरिने कामहरुको विवरण सार्वजनिक गर्ने गरिएको
- **५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी र सम्बन्धित शाखा प्रमुख**

| **क्र.स.** | **शाखाको नाम** | **जिम्मेवार अधिकारी** | **कैफियत** |
|---|---|---|---|
| 1 | प्रशासन शाखा | शा.अ. नवेशराज ह्रमाल | |
| 2 | अनुगमन तथा मूल्याङ्कन शाखा | ई. राम किशोर प्रसाद यादव | |
| 3 | व्यवस्थापन तथा सूचना शाखा | ना.सु. मनमाया लामिछाने | |
| 4 | लेखा शाखा | ले.पा. अम्बिका न्यौपाने | |
| 5 | स्टोर शाखा | खरिदार आदर्श अधिकारी | |
| 6 | सचिवालय | स्व.सचिव रामकान्त पौडेल | |

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

- जिल्ला समन्वय समितिले प्रदान गर्ने सवै सेवा निशुल्क रुपमा प्रदान हुने ।

## ७. निर्णय गर्ने प्रकृया र अधिकारी

- शाखासंग सम्वन्धित नियमित कामहरुको निर्णय शाखा प्रमुखबाट हुने
- शाखा प्रमुखबाट हुन नसकेका निर्णय र कायार्लय प्रमुखबाटै निर्णय हुने भनी तोकिएका विषयमा कार्यालय प्रमुखबाट निर्णय हुने
- नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिबाट हुने

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- कार्यालयको दैनिक कामकाज सम्वन्धमा भएको निर्णय सम्वन्धी उजुरी - जिल्ला समन्वय अधिकारी
- जिल्ला समन्वय अधिकारीबाट भएको निर्णय सम्वन्धी उजुरी - जि.स.स. प्रमुख

## ९. सम्पादन गरेका कामको विवरण (मिति २०80 साल माघ देखि चैत्र मसान्तसम्मको त्रैमासिक विवरण)

- संघीय र प्रादेशिक मन्त्रालयका विभिन्न मितिको पत्रानुसार स्थानीय तहहरुसँग समन्वय तथा सहजीकरण गरेको,
- स्थानीय तहहरुले चालु आर्थिक वर्षमा स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदन बमोजिम नदीजन्य पदार्थको विक्री, वितरण तथा उत्खनन् सम्बन्धमा जिल्ला अनुगमन समितिको बैठक बसी आवश्यक निर्देशन दिएको,
- जिल्ला समन्वय समितिको नियमित बोर्ड बैठक बसी जिससबाट सम्पादन गरिने कार्यहरुमा सहजीकरण, स्वीकृति तथा मार्गनिर्देशन दिने गरेको,
- संघ, प्रदेश तथा स्थानीय तहका विभिन्न योजनाहरुको अनुगमन सम्बन्धी कार्य गरेको,

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

- कार्यालय प्रमुखः जिल्ला समन्वय अधिकारी श्री हरिप्रसाद शर्मा
- सूचना अधिकारी : ना.सु. श्री मनमाया लामिछाने

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- स्थानीय सरकार संचालन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४
- गाँउ/नगर/जिल्ला सभा संचालन (कार्यविधि) ऐन, २०७५ (बागमती प्रदेश)
- जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धी नियमावली, २०७५ (बागमती प्रदेश)
- वातावरण संरक्षण ऐन, २०७६ (संघीय सरकार)
- वातावरण संरक्षण नियमावली, २०७७ (संघीय सरकर)
- वातावरण संरक्षण ऐन, २०७७ (बागमती प्रदेश)
- ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ (नेपाल सरकार) र पहिलो संशोधन, 2079
- नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ (बागमती प्रदेश )
- संघ, प्रदेश र स्थानीय तह वीच अन्तरसम्वन्ध सम्वन्धी ऐन २०७७

## १२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अध्यावधिक विवरण

2080 चैत्र महिनासम्मको आम्दानी

- जि.स.स.को सटर/भवन भाडाबाट आम्दानीः 41,38,512 -
- नदीजन्य पदार्थ अवैध ओसारप्रसार वापतको जरिवाना रकमः 5,70,000 –

**जम्मा कूल आम्दानीः 47,08,512 -**

2080 चैत्र महिनासम्मको खर्च

1) प्रदेश विनियोजनतर्फ

बजेट उपशिर्षक नः 301000113 स्रोतः प्रदेश सरकार

आयोजना/कार्यक्रमको नामःमूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| क्र.स. | अन्तिम बजेट | हालसम्मको खर्च | बाँकी बजेट | कैफियत |
|---|---|---|---|---|
| 1 | 35,00,000 - | 12,44,170 - | 22,55,830 - | |

2) प्रदेश विविधतर्फ

बजेट उपशिर्षक नः प्रदेश विविध (कार्यक्रम खर्च) स्रोतः प्रदेश सरकार

| क्र.स. | अन्तिम बजेट | हालसम्मको खर्च | बाँकी बजेट | कैफियत |
|---|---|---|---|---|
| 1 | 2,70,400 - | 1,98,363 - | 72,037 - | |

3) संघ विनियोजनतर्फ

बजेट उपशिर्षक नः 365001053 स्रोतः संघीय सरकार

आयोजना/कार्यक्रमको नामः जिल्ला समन्वय समितिको कार्यालयहरु

| क्र.स. | अन्तिम बजेट | हालसम्मको खर्च | बाँकी बजेट | कैफियत |
|---|---|---|---|---|
| 1 | 1,50,99,000 - | 87,02,160 60 | 63,96,839 40 | |

4) धरौटीतर्फ

- जि.स.स.को धरौटी मौज्दात रकमः 71,47,859   51

## १३. तोकिए बमोजिमका अन्य विवरण

- संघीय सरकार र प्रदेश सरकारका मन्त्रालय र विभागबाट प्राप्त निर्देशन बमोजिमका कार्यहरु गर्ने गरेको
- विपद व्यवस्थापन समिति, लघु उद्यम विकास समिति, प्राकृतिक स्रोतको जिल्ला अनुगमन तथा व्यवस्थापन समिति लगायतका समितिमा तोकिए बमोजिम जि.स.स. को प्रतिनिधित्व गर्ने गरेको

## १५. जिल्ला समन्वय समितिको वेबसाईट

- यस कार्यालयको वेबसाइटः *www.dccchitwan.gov.np*
- *https://www.facebook.com/profile.php?id=100071747082068*
- ईमेल *chitwandcc@gmail.com*

## १६. जिल्ला समन्वय समितिले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

- यस अवधिमा कुनै पनि प्रकारको वैदेशिक सहयोग र सम्झौता नभएको ।

## १७. जिल्ला समन्वय समिति, चितवनले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा तोकिए बमोजिमका कार्यहरु गर्न नियमित जि.स.स. पदाधिकारीज्यूहरुको बैठक बस्ने गरेको र आवश्यकता अनुसार समय समयमा बैठक बस्ने गरेको । जि.स.स.ले जिल्ला भित्रका सरकारी तथा गैरसरकारी कार्यालय एवं संघ संस्थाको कार्यप्रगति सम्वन्धी गर्ने गरेको समिक्षाको प्रतिवदेन बागमती प्रदेशका सबै मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने गरेको

## १८. जिल्ला समन्वय समितिले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

- जिल्ला समन्वय समितिका सवै सूचनाहरु हेर्न सकिने व्यवस्था रहेको

## १९. जिल्ला समन्वय समितिमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिईएको विवरण

- सूचनाको हक सम्वन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्वन्धी नियमावली, २०६५ बमोजिम सरोकारवालाहरुबाट मौखिक रुपमा माग भएका सूचनाहरु उपलब्ध गराईएको

## २०. जिल्ला समन्वय समितिका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण

- जिल्ला समन्वय समितिका सवै गतिविधिहरु वेवसाईट, समितिको फेसवुक पेज र कार्यालयको सूचनापाटी मार्फत् नियमित रुपमा अद्यावधिक गरी सुचना प्रवाह गर्ने गरिएको

# <u>21. जिल्ला समन्वय समितिको कार्यालय, चितवनको नागरिक बडापत्र</u>

| q m =; = | k\|bfg ul/g] ;]jf ;'ljwfsf] gfd | cfjZos sfuhftx? | ;]jf ;'ljwf k\|fKt ug{ cfjZos kg]{ k\|lqmof | ;]jf k\|bfg ug]{ clwsf/L | nfUg] b:t'/ | nfUg] ;do | s}lkm ot |
|---|---|---|---|---|---|---|---|
| ! | चिठ्ठीपत्र ,निवेदन दर्ता | चिठ्ठीपत्र ,निवेदन ,प्रतिवेदन ,उजुरी आवश्यक परेमा नागरिकताको प्रतिलिपी आदि | दर्ता चलानी इकाइमा बुझाउनु पर्ने | जिल्ला समन्वय अधिकारी | gnfUg] | ;f]xL lbg | |
| @ | सुचना टाँस | सम्बन्धित कार्यालयको पत्र ,सूचनाको प्रतिलिपी | सूचना टाँसको पत्र प्रशासन शाखामा बुझाउने | शाखा अधिकृत /सहायक कर्मचारी | gnfUg] | ;f]xL lbg | |
| # | विपद् व्यवस्थापन तथा सरसफाई | सम्बन्धित संस्थाका व्यक्तिको निवेदन वा पत्र | सम्बन्धित संस्थाको पत्र सचिवालयमा पेश गर्ने | जिसस प्रमुख | gnfUg] | निरन्तर | |
| $ | जिल्ला सभाको बैठक | जिल्ला सभाका सबै सदस्यहरु ,प्रमुख/अध्यक्ष , उपप्रमुख/उपाध्यक्ष | जिल्ला सभाका सबै सदस्यहरुलाई लिखित पत्राचार गर्ने | जिसस प्रमुख | gnfUg] | आवश्यकता बमोजिम | |
| % | जिल्ला समन्वय समितिको बैठक | जिससका सबै पदाधिकारीहरु | जिससका पदाधिकारीहरुलाई जानकारी दिने | जिल्ला समन्वय अधिकारी | gnfUg] | तोकिए बमोजिम | |
| ^ | समीक्षा बैठक | जिसस कार्यालय ,जिल्लास्थित संघ ,प्रदेश सबै कार्यालय प्रमुख ,स्थानीय तह ,गैर सरकारी संघसंस्थाका प्रतिनिधि | सरोकार वर्गलाई लिखित पत्राचार गर्ने | जिल्ला समन्वय अधिकारी | gnfUg] | समीक्षा हेरी बढीमा ३ दिन | |
| & | सभा कक्षहल भाडा | सम्बन्धित कार्यालय ,संघसंस्थाले लिखित वा मौखिक जानकारी दिने | तोकिए बमोजिमको राजश्‍व तिरी हल बुक गर्न प्रशासन शाखालाई जानकारी गराउने | खरिदार/प्रशासन शाखा | ठूलो हल 3000 - सानो हल 1500 - | निरन्तर | |
| * | गैरसरकारी संस्थाको विवरण | जिल्ला स्थित सबै गैरसरकारी संस्थाहरुको अभिलेख , सम्पर्क नं तथा इमेल | सम्बन्धित संस्थाहरुको आफ्नो विस्तृत कार्य विवरणसहित जिससमा पेश गर्ने | जिल्ला समन्वय अधिकारी | gnfUg] | आर्थिक वर्षको सुरुमै | |
| ( | सूचनाको हक सम्बन्धी जानकारी | सूचना माग कर्ताको लिखित निवेदन दर्ता ,नागरिकताको प्रतिलिपी | सूचना माग कर्ताले कार्यालयमा इमेलमार्फत् वा भौतिकरुपमा उपस्थित भई तोकिए बमोजिम भएमा शूल्क तिरेको रसिद सहित निवेदन पेश गर्ने | सूचना अधिकारी | निशुल्क वा तोकिए बमोजिम | सूचनाको प्रकृति हेरी बढीमा १५ दिन | |
| !) | नदीजन्य पदार्थको दोहन | सम्बन्धित घाटको नाम तथा लिखित उजुरी | उजुरीकर्ताले गैरकानुनी उत्खनन् भएका घाटहरुको व्यहोरा उल्लेख गरी जिसस | जिसस प्रमुख /जिल्ला अनुगमन | gnfUg] | निरन्तर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रमुखलाई सम्बोधन गरी लिखित वा मौखिक उजुरी पेश गर्ने | समिति | | | |
| !! | विकास निर्माण कार्यको अनुगमन | अनुगमन प्रतिवेदन | अनुगमन समितिबाट विभिन्न पालिका ,तथा जिल्लास्थित कार्यालयका निर्माण कार्यको स्थलगत निरीक्षण | अनुगमन शाखा /प्राविधिक | gnfUg] | नियमित | |
| !@ | समन्वय तथा सहकार्य | जिल्लास्थित सबै सरकारी कार्यालय ,गाउँपालिका , नगरपालिका | सम्बन्धित कार्यालयहरुबीच प्रशासन शाखाको समन्वयमा अन्तरक्रिया तथा छलफल गर्ने | जिसस प्रमुख /प्रशासन शाखा | gnfUg] | तोकिए बमोजिम | |
| !# | प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी कार्ययोजना | सम्बन्धित जिल्लास्थित कार्यालय ,स्थनीय तह ,गैरसरकारी संस्था ,निजी क्षेत्र | सरोकारवर्गलाई अन्तरक्रिया कार्यक्रमको लागि लिखित पत्राचार गर्ने | जिसस प्रमुख | gnfUg] | आवश्यकता बमोजिम | |
| !$ | Lisa and FRA Evaluation | चितवन जिल्लाका सबै स्थानीय तह | सम्बन्धित पालिकाले समयमै स्वमूल्याङ्कन गरी जिससमा विवरण पेश गर्ने | जिल्ला समन्वय अधिकारी | gnfUg] | तोकिए बमोजिम | |
| !% | स्थनीय तहको कासमु मूल्याङ्कन | चितवन जिल्लामा सबै स्थानीय तहमा कार्यरत स्थायी स्थानीय सेवाका अधिकृतस्तरका कर्मचारीहरु | सम्बन्धित पालिकाले समयमै स्थानीय सेवाका अधिकृतस्तरको कर्मचारीहरुको कासमू सुपेरीवेक्षण गरी जिससमा पेश गर्ने | जिल्ला समन्वय अधिकारी | gnfUg] | हरेक वर्ष भाद्र १५ गते भित्र | |
| !^ | कार्यालयको टेलिफोन नं | कार्यालयको सम्पर्क नं तथा इमेल ठेगाना तथा वेबसाइट | फो.न .056-590332<br>इमेल chitwandcc@gmail.com<br>वेबसाइट www.dccchitwan.gov.np | प्रशासन शाखा | तोकिए बमोजिम | नियमित | |
| !& | गुनासो सुन्ने | गुनासो सुन्ने अधिकारी समक्ष लिखित निवेदन | लिखित ,मौखिक माध्यमले गुनासो सुन्ने अधिकारी समक्ष गुनासो पेश गर्ने | जिल्ला समन्वय अधिकारी | gnfUg] | नियमित | |

अनुसूची – 1

जिल्ला समन्वय समितिमा रहेका पदाधिकारीको विवरण

| **क्र.स.** | **पदाधिकारीको नाम** | **पद** | **सम्पर्क नं** |
|---|---|---|---|
| 1 | नारायण प्र. अधिकारी | प्रमुख | 9855059877 |
| 2 | कल्पना काफ्ले सापकोटा | उपप्रमुख | 9845144766 |
| 3 | कृष्णभक्त भट्टराई | सदस्य | 9845092403 |
| 4 | पुजना गुरुङ | सदस्य | 9845195390 |
| 5 | सविता चौधरी | सदस्य | 9845091740 |
| 6 | अनिता नेपाल | सदस्य | 9865381658 |
| 7 | सञ्जीव प्र. पौडेल | सदस्य | 9845043954 |
| 8 | बाबुराम सुवेदी | सदस्य | 9845697950 |
| 9 | गुनु वि.क. | सदस्य | 9845221558 |

अनुसूची – 2

जिल्ला समन्वय समिति, चितवनबाट सम्पादित क्रियाकलापहरुको केही झलक

चेपाङ अगुवा राप्ती, स्यामराङका झ्यापुराम चेपाङलाई सम्मान गर्दै राप्तिका नगर प्रमुख शमशेर लामा र जिसस प्रमुखज्यू





प्रजातन्त्र दिवस २०८० मा प्रभात फेरि, वृक्षारोपण, बाटुलि पोखरी सरसफाई र दिपावली कार्यक्रमहरुको तस्विर









<u>सातौ जिल्ला सभा</u>




<u>चेपाङ छात्रावासमा भेटघाट</u>

